१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**जन्म दर्ता गर्न आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन,

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ९० ।। २०८२ वैशाख २५ गते बिहिबार (8th May 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

## जिल्ला सहकारी संघ

# पहिला तालाबन्दी र निर्वाचन बहिष्कार, अहिले सपथ



झापा(प्रस) । नेकपा एमालेसंगको चुनावी तालमेलमा असन्तुष्ट बन्दै जिल्ला सहकारी संघ झापाको कार्यालयमा तालाबन्दी र निर्वाचन बहिष्कार गरेका नेपाली कांग्रेस समर्थक सहकारीकर्मीले बुधवार सपथ ग्रहण गरेका छन् ।

जिल्ला सहकारी संघ झापाको आज आयोजित सपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रममा निर्वाचन बहिष्कार गरेकाहरुले समेत सहभागिता जनाएका छन् । नेपाली कांग्रेसका तर्फबाट सर्वसम्मत भएका वरिष्ठ उपाध्यक्ष दुर्गाप्रसाद सापकोटा, महिला उपाध्यक्ष देवी निरौला बस्नेत, महिला सदस्य पुष्पा अधिकारी चम्लागाँई र लेखा समिति सदस्य राजेन्द्रप्रसाद रिजालले सपथ ग्रहण गरेका हुन् । बैशाख १३ गतेको निर्वाचन हुन नदिन वरिष्ठ उपाध्यक्षमा सर्वसम्मत भएका दुर्गाप्रसाद सापकोटा नेतृत्वको टोलीले अघिल्लो दिन जिल्ला सहकारी संघको कार्यालयमा तालाबन्दी गरेको थियो । तर, निर्वाचन समितिले पूर्वनिर्धारित कार्यक्रमलाई यथावत राख्दै बैशाख १३ गते निर्वाचन कार्यक्रम राखेको थियो । कांग्रेस समर्थक सहकारीकर्मीहरुले निर्वाचन नगराउन चेतावनी दिँदै निर्वाचन बहिष्कार गरेका थिए । त्यसका बावजुद निर्वाचन समितिले निर्वाचन सम्पन्न गराएको थियो ।

एमाले र कांग्रेसले गत चैत २३ गते दुई दलबीच पदको भागवण्डा गर्दै चुनावी गठबन्धन बनाउने सहमति गरेका थिए । एमालेको भागमा अध्यक्ष , खुल्ला उपाध्यक्ष , सचिव , कोषाध्यक्ष , लेखा समिति संयोजक , लेखा समिति सदस्य (महिला), ३ वटा खुल्ला सदस्य , ३ वटा खुल्ला महिला सदस्य , र क्षेत्रगत रुपमा क्षेत्र नं १, ३ र ४ गरी ३ सदस्य परेको थियो । त्यस्तै कांग्रेसको भागमा वरिष्ठ उपाध्यक्ष , महिला उपाध्यक्ष , सहसचिव , क्षेत्रगतरुपमा क्षेत्र नं २ र ५ को सदस्य र लेखा समिति सदस्य परेको थियो । दुईदलीय सहमति अनुसार अध्यक्षमा एमालेका तर्फबाट प्रेमकुमार कोइराला सर्वसम्मत भइसक्दा कांग्रेसको भागमा परेको केही पदहरुमा भने एमाले सहकारीकर्मीहरुले पनि उम्मेद्वारी दिएका थिए ।सहमतिविपरित आफ्नो भागमा परेको सहसचिव र क्षेत्रीय सदस्य पदमा एमालेका तर्फबाट पनि उम्मेद्वारी दर्ता भएपछि कांग्रेसले निर्वाचन बहिष्कार गरेको थियो ।

निर्वाचन समितिका संयोजक देवेन्द्र भण्डारीले जिल्ला सहकारी संघमा निर्वाचित संचालक समिति र लेखा सुपरीवेक्षण समितिका पदाधिकारी र सदस्यहरुलाई सपथ ग्रहण गराएका हुन् । सपथ ग्रहण गर्नेहरुमा अध्यक्ष प्रेमकुमार कोइराला , वरिष्ठ उपाध्यक्ष दुर्गाप्रसाद सापकोटा , उपाध्यक्ष नारायणप्रसाद भट्टराई , महिला उपाध्यक्ष देवी निरौला बस्नेत , सचिव भवानीप्रसाद दंगाल , सहसचिव टसबहादुर श्रेष्ठ , कोषाध्यक्ष केशव बस्नेत तथा सदस्यहरुमा नारायणप्रसाद गौतम , प्रेमसागर सापकोटा , काशिनाथ घिमिरे , विन्दाकुमारी थापा ,निलाकुमारी दाहाल , पुष्पा अधिकारी चम्लागाँई , संगिता गजुरेल , देवीमाया अधिकारी , युवराज गौतम , हरिकृष्ण अधिकारी , तिलकप्रसाद सिंह राजवंशी र पदम लिम्बू लिङ्देनले सपथ ग्रहण गरेका छन् । त्यस्तै लेखा सुपरीवेक्षण समितिका संयोजक चुडामणि ओझा तथा सदस्यहरु राजेन्द्रप्रसाद रिजाल र मिलन आचार्यले पनि सपथ ग्रहण गरेका छन् ।

जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको अध्यक्षता तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्र गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख अतिथि गिरी , नेपाल बचत तथा ऋण केन्द्रीय संघ (नेफ्स्कुन) का महासचिव घनश्याम अधिकारी , नेपाल कृषि सहकारी केन्द्रीय संघकी उपाध्यक्ष मिनाकुमारी ढकाल , निर्वाचन समितिका संयोजक देवेन्द्र भण्डारी , जिल्ला सहकारी संघका सल्लाहकार संयोजक रामचन्द्र उप्रेतीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष कोइरालाले प्रतिवद्धता मन्तव्य राखेका थिए ।

कार्यक्रमको दोस्रो सत्रमा निवर्तमान अध्यक्ष गणेश ढकाल , उपाध्यक्ष चम्पादेवी खनाल सुवेदी , सहसचिव कृष्णप्रसाद मिश्र , कोषाध्यक्ष अर्जुन दंगाल , सदस्यहरु कृष्ण पौडेल , ढुण्डीराज गुरागाँई , चन्द्रकला अधिकारी , चन्द्रकला भण्डारी र पुष्पा उप्रेतीलाई सम्मान गरिएको थियो । कार्यक्रमको संचालन सचिव भवानीप्रसाद दंगालले गरेका थिए । २२ जनाको संचालक समिति र लेखा सुपरीवेक्षण समितिमा एमालेको बहुमत रहेको छ । २२ जनामा कांग्रेसका ४ जना र माओवादीका दुईजना परेका छन् । सत्तारुढ एमाले र कांग्रेसले दुईदलीय गठबन्धन बनाएपनि भित्रीरुपमा एमालेले माओवादीसंग पनि सहमति गरेको थियो ।

## नगरपालिकाले नै उठीबास गराउन लागेको आरोप

# सात घरपरिवारद्वारा न्यायका लागि अपिल



झापा(प्रस) । वर्षौदेखि बसोबास र हकभोग गर्दै आई सर्वोच्च अदालतले समेत फैसला गरिसकेको जग्गाबाट कन्काई नगरपालिकाले नै उठीबास गराउन लागेको भन्दै सात घरपरिवारले न्यायका लागि अपिल गरेका छन् । २०२५ सालदेखि कन्काई नगरपालिका -४ (साबिक सुरुङ्गा गा.बि.स. -४) स्थित नमुना टोलमा बसोबास गरि भोगचलन गर्दै आएका देबेन्द्र मिश्र, टंकदास मिश्र, नैनकला मिश्र, दयाप्रसाद उप्रेती, रामप्रसाद सिटौला, दिनेश मैनालीलगायत ७ घरपरिवारलाई नगरपालिकाले हटाउन लागेको भन्दै उनीहरुले पत्रकार सम्मेलनमार्फत न्यायका लागि अपिल गरेका हुन् । उनीहरुले २ बिगाह १६ कठ्ठा जग्गा चर्चिदै आएका छन् । तर, २०६६ सालमा गठन भएको प्रेम दाहाल अध्यक्ष रहेको सुकुम्बासी समस्या समाधान आयोगले २०६७ माघ १७ गते बचनबंशी कबिर सेवा आश्रमको नाममा सो जग्गाको धनीपुर्जा दिएको थियो । त्यसपश्चात् बसोबासीहरुले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए । २०८० माघ ३ गते सर्वोच्च अदालतले कबिर सेवा आश्रमको नाममा रहेको धनीपुर्जा बदर हुने ठहर गरेको थियो ।

सर्वोच्चले आफूहरुको पक्षमा फैसला गरेपनि नगरपालिकाले हटाउने षडयन्त्र गरिरहेको उनीहरुको भनाई छ । नेपाल कम्युनिस्ट पार्टी (बिप्लव) समूह झापाको आयोजनामा झापा जिल्ला सचिव संजय सीको अगुवाईमा उनीहरुले पत्रकार सम्मेलन गरेका थिए । त्यस जग्गामा पुराना ४ र नयाँ ३ परिवारको बसोबास रहेको नगरपालिकाले जनाएको छ । देबेन्द्र मिश्र, टंकदास मिश्र, नैनकला मिश्र र रामप्रसाद सिटौला पुरानो बसोबासी भएको बताइन्छ । सार्वजनिक जग्गा मिच्नेहरु अन्यायमा नपरेको कन्काई नगरपालिकाका नगर प्रमुख राजेन्द्र पोखरेलले बताए ।

सर्वोच्चले ती व्यक्तिहरुलाई जग्गा दिने फैसला गरेको नभई संस्थाको नाममा जग्गा नदिन भनेको पोखरेलले दाबी गरे । सार्वजनिक जग्गा संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएको भन्दै उनले अतिक्रमण गरेर खाने नियत पूरा हुन नदिने स्पष्ट पारे । पुरानो बसोबासी र कहीकतै जग्गा नभएका चार परिवारलाई संरक्षण गर्दै नगरपालिकाले सोही जग्गामा घर बनाइदिने जानकारी दिए । नगरपालिकाले कबिर सेवा आश्रमको नाम घेराबारा गर्न रु. ९ लाख रुपैयाँ बजेट निकासा गरी उक्त स्थान खाली गर्न आदेश दिएको छ ।

## स्रोत नखुलेको १५ लाख भारतीय रुपैयाँसहित पक्राउ

झापा(प्रस) । सशस्त्र प्रहरीले झापामा स्रोत नखुलेको करिब १५ लाख भारतीय रुपैयाँसहित एकजनालाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल नेपाल, प्रस्तावित सुरक्षा गुल्म काँकडभिट्टाबाट खटिएको टोलीले बुधवार बिहान मेचीनगर-७ स्थित जोरसिमलमा चेकजाँचका क्रममा स्रोत नखुलेको १४ लाख ९९ हजार ७ सय भारतीय रुपैयाँसहित मोरङ उर्लाबारी- ८ अठियावारीका ३८ वर्षीय डम्बरबहादुर कार्कीलाई पक्राउ गरेको हो ।

काँकडभिट्टाबाट विराटनगरतर्फ जाँदै गरेको बसमा उनलाई सो रकमसहित पक्राउ गरिएको जनाइएको छ । बिहान करिब १०:०५ बजे काँकडभिट्टाबाट विराटनगरतर्फ जाँदै गरेको यात्रुवाहक बसमा शंका लागेर

चेकजाँच गर्दा ५०० दरका २,९९९ थान र २०० दरको १ थान गरी जम्मा १४ लाख ९९ हजार ७ सय भारतीय रुपैयाँ (विनिमय दर अनुसार नेपाली रू. २३ लाख ९९ हजार ५२० बराबर) सहित कार्कीलाई पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद नगदसहित उनलाई आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय इटहरीमा बुझाइएको जनाइएको छ ।

# पाकिस्तानमाथि भारतको आक्रमण

एजेन्सी । बुधबार बिहान पौने २ बजेतिर भारतले पाकिस्तानको नियन्त्रित क्षेत्र कश्मीरमा ९ वटा आतंकवादी क्षेत्रलाई निशाना बनाउँदै गरिएको आक्रमणपछि भारत-पाकिस्तान तनाव चुलिएको छ ।

केद्र सरकारले एक विज्ञप्ति जारी गर्दै ९ ठाउँमा एअर स्ट्राइक गरेको जनाएको छ । भारतीय सञ्चारमाध्यमले १०० भन्दा बढी मारिएको दाबी गरेका छन् ।

यता अन्य अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले कम्तिमा ३५ जना मारिएको बताएका छन् । तर पाकिस्तानले भने दुई बालबालिकासहित ७ जना मारिएको दाबी गरेको छ ।

अहिलेसम्म कति मानवीय क्षति भयो भन्ने आधिकारिक रुपमा कतै पुष्टि भइसकेको छैन । १९७१ मा पाकिस्तानमा गरिएको आक्रमणपछि पहिलोपटक भारतका तीनै तहका सुरक्षा निकायले संयुक्त रुपमा काम गरिरहेका छन् । जसमा भारतीय सेना, नेभी र एअरफोर्स रहेका छन् ।

चीफ अफ डिफेन्स स्टाफ अनिल चौहानले दिल्लीमा रक्षामन्त्री राजनाथ सिंहसँग भेट गरेका छन् । भेटमा सुरक्षाका विषयमा चर्चा भएको थियो ।

**इस्लामाबादमा सबै स्कुल-कलेज बन्द**

पाकिस्तानको राजधानी इस्लामाबादमा सबै सरकारी र निजी स्कुल र कलेज बन्द गरिएको छ । यद्दपि पाकिस्तान सरकारले सबै निर्धारित परीक्षा तय भएकै समयमा हुने बताएको छ ।



यस्तै पाकिस्तानी सेनाले एलओसी र अन्तर्राष्ट्रिय सीमामा लगातार फायरिङ गरिरहेको छ । जम्मू-कश्मीरको केही क्षेत्रमा पाकिस्तानी सेनाको आक्रमणमा परी ६ जना भारतीय नागरिकको मृत्यु भएको छ । २४ जना घाइते भएका छन् ।

यता पञ्जाबको सीमामा बीएसएफ हाई अलर्टमा रहेको छ । पाकिस्तानका तर्फबाट कुनै पनि गतिविधि भए त्यसको जवाफ दिन बीएसएफ तयार रहेको बताइएको छ ।

**पाकिस्तानको एयर स्पेस बन्द**

भारत पाकिस्तानबीचको ताजा अवस्थालाई मध्यनजर गर्दै पाकिस्तानले एयर स्पेसमा कुनै पनि फ्लाइट उडेका छैनन् । यता भारतले पनि बढ्दो तनावलाई मध्यनजर गर्दै पाकिस्तानको सीमासँग जोडिएका राज्यमा उडान रद्द गरेको छ । भारतले सात राज्यका ११ एयरपोर्ट्सँमा फ्लाइट्स अप्रेशन बन्द गरेको छ । श्रीनगर,जम्मू, लेह, चन्डीगढ, बीकानेर, जोधपुर, राजकोट, धर्मशाला, अमृतसर, भुज र जामनगरमा सबै उडान रोकिएका छन् । यी विमानस्थल पाकिस्तानको सीमाबाट नजिक पर्छन् ।

**गोलाबारीमा तीन भारतीयको मृत्यु**

पाकिस्तानी सेनाले प्रहार गरेको गोलीबाट तीन जना भारतीय नागरिकको मृत्यु भएको छ । समाचार एजेन्सी रोयटर्स र एएफपीले भारतीय सेनालाई उद्धृत गर्दै कश्मीरमा पाकिस्तानी सेनाको गोलाबारीमा तीन भारतीयको मृत्यु भएको बताएका छन् ।

❖ बाँकी तेस्रो पृष्ठमा

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# अधुवा खोलामा तटबन्ध गरिने



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका वडा नम्बर १ स्थित अधुवा खोलामा तटबन्ध गरिने भएको छ । हरेक वर्ष छठ पुजा आयोजना हुने धिमाल टोल नजिकैको खोला किनारमा तटवन्ध गरिने भएको हो ।

योजनाको नगर प्रमुख पवित्रा महतारा प्रसाईले बुधवार शिलान्यास गरिन् । जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय भद्रपुरको ३० लाख रुपैयाँ बजेटमा उपभोक्ता समितिमार्फत ६६ मिटर क्षेत्रमा व्यवस्थित तटवन्ध गरिने भएको जनाइएको छ । त्यसमध्ये १५ मिटर वडा नम्बर ५ को क्षेत्रमा पर्दछ ।

शिलान्यास कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले बिर्तामोडमा अहिले २ अर्बभन्दा बढीका योजनाहरु सञ्चालन भइरहेको बताइन् । उनले बुट्टाबारी- प्याकुरेल चोक सडक, हर्कलाल मार्ग, चन्द्रमार्ग, गोकुल जोशी मार्गलगायतका योजनाहरु नगर, प्रदेश र संघको बजेटबाट सञ्चालन भइरहेको जानकारी दिइन् ।

यस्तै वडा नम्बर १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले वडा नम्बर १ मा विभिन्न कारणले लामो समयदेखि थाँती रहेको तटवन्ध कार्य सुरु भएको बताए । उनले उपभोक्ता समितिलाई गुणस्तरीय काम गर्न सुझाव दिए।

कार्यक्रममा पूर्व सांसद विमला विक, उपभोक्ता समितिका पदाधिकारी तथा स्थानीयको पनि उपस्थिति रहेको थियो ।

# कचनकवलका एक जोडी ब्राउनसुगरसहित बिर्तामोडमा पक्राउ



झापा(प्रस) । झापा कचनकवलका एक युवक र अर्की युवती लागूऔषध ब्राउनसुगरसहित बिर्तामोडमा पक्राउ परेका छन् ।

बिर्तामोड वडा नं ८ नारायण कृष्ण टोलस्थित कबिता रिमालको घरमा भाडामा बस्दै आएका कचनकवल वडा नं.७ बस्ने २६ वर्षीय खड्गसिंह माझी र सोही ठाउँ बस्ने २० वर्षीय मुस्कान भुजेल ब्राउनसुगरसहित पक्राउ परेका हुन् । मंगलवार दिउँसो ४ बजे कोठामा अबैध रुपमा लागूऔषध कारोबार गरिरहेको भन्ने सूचनाको आधारमा प्रहरी टोली खटिएर चेकजाँच गर्दा भाडामा बसेको भुइँतलामा सुत्ने ओछ्यानको सिरानीमुनि प्लाष्टिकसहित ६ ग्राम ३२० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुबैलाई लागूऔषधसहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# श्रीमतीको सिक्कल प्रहारबाट श्रीमान घाइते

झापा(प्रस) । इलाममा श्रीमतीको सिक्कल प्रहारबाट श्रीमान गंभीर घाइते भएका छन् । मंगलवार राति १०.३० बजे इलाम सूर्योदय नगरपालिका- ६ लालीगुराँस टोल बस्ने ४८ वर्षीय केशर सुन्दास र उनकी श्रीमती ३८ वर्षीया मुना सुन्दास दुवैले मादक पदार्थ सेवन गरी झगडा गरेका थिए । त्यसक्रममा मुनाले केशरलाई सिक्कलले टाउको पछाडीपट्टी प्रहार गरेकी थिइन् । घाइतेलाई उपचारको फिक्कल अस्पताल पठाएकोमा त्यहाँबाट थप उपचारको लागि ओमसाई अस्पताल भद्रपुर रेफर गरिएको छ । उनको अवस्था मध्यम रहेको जनाइएको छ ।

सिक्कल प्रहार गर्ने मुनालाई सिक्कलसहित प्रहरी चौकी हर्कटेले नियन्त्रणमा लिएको छ ।

## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## ७ दिने सूचना

सधियार पूर्व : श्री लक्ष्मी बस्नेत क्षेत्री पश्चिमः श्री धनकुमारी कन्दङ्गवा उत्तरः श्री खड्ग थापा दक्षिण : सडकको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ८ बस्ने श्री तारा बहादुर मगर ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण अभिलेखिकरण गरी पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | - | २८७८ | ०-०-८ | - | २०८२/१/२५ | २०८२/१/२२ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिम : श्री दुर्गा भण्डारी, दक्षिणः श्री ख्याम प्रसाद खरेलको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री पुण्य प्रसाद ढुङ्गाना ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | - | २९८२ | १६९.३० | २०८१/११ /०१ | २०८१/११ /२१ | २०८२/०१/१९ |

## बिर्तामोड नगरपालिकाको

## अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल

## ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२२

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित गरिएकाले प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत) चुक्ता गर्नुहुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा तपशिलका ऋणी वा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको विवरणः | धितो जमानत धनजमानीको विवरण |
|---|---|
| ऋणीको नामः बिरेन्द्र उदास<br>बाबुको नामः डिल्लीराम उदास<br>बाजेको नामः गंगा बहादुर उदास<br>ना.प्र.नं.: ०४-०१-७३-०२२५३<br>जारी मितिः २०७३/०२/१७<br>ठेगाना स्थाईः बिर्तामोड ०७, झापा<br>ठेगाना हालः बिर्तामोड ०४, झापा | नामः बोरिस उदास<br>बाबुको नामः बिरेन्द्र उदास<br>बाजेको नामः डिल्लिराम उदास<br>ना.प्र.नं. : ०४-०१-६९-०९१००<br>जारी मितिः २०६९/०८/१२<br>ठेगाना स्थाई : अनारमनी ४<br>ठेगाना हालः अनारमनी ४ |

**धितोको विवरणः**
जग्गाधनीको नामः बिरेन्द्र उदास
बाबुको नामः डिल्लिराम उदास
बाजेको नामः गंगाबहादुर उदास
ठेगानाः अनारमनी १, झापा
सिट नं. १/१७९०१२०
कि.नं. ३४२ र १७८
क्षेत्रफलः ८४.६८ र ६७७.२६ वर्गमिटर

**नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, झापा, फोन नं. ०२३-५३३०५६

*(नोट- यसअघि मिति २०८२ बैशाख २२ गते सोमवार प्रकाशित सूचनामा धितोको विवरणमा पति भनेर गल्तीवश लेखिएको र बैशाख २४ गते बुधवार प्रकाशित सूचनामा सिट नं गल्ती भएकाले त्यसलाई सच्याइएको छ ।)*

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/२५

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने ३५दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट अुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसुचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेकोवा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनबमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**शाखाकार्यालय : चारआली**

| ऋणी, धितो र व्यक्तिगतजमानतकर्ताको नाम, थर तथातीनपुस्ते विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणीःप्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलुत था साना उद्योग कार्यालय, झापामा मिति २०६९/०३/२८मा प्रा.फ.र.नं. ६९३/३३०५अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापाजिल्ला,बुधबारे गा.वि.स.,वडा नं. ९ भई हाल सोहि स्थित अनिसा सप्लायर्सका तर्फबाट ऐ. का प्रोपाइटर शंखमान तामाङ्गको नाति, कृष्णबहादुर तामाङ्गको छोरा इलाम जिल्ला,कोलुबुङ्ग गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बुद्धशान्ति गा.पा. वडा नं.३ बस्ने मिति २०५६/०५/३१मा जिल्ला प्रशासन कार्यालय, इलामबाट जारी गरिएको ना.प्र.प.नं.१५०५ भएको बर्ष ४४का **हेम कुमार तामाङ्ग** । | हेम कुमार तामाङ्गको नाममा भुमिसुधार तथा मा.पो.का भद्रपुरमा, दर्ता कायम रहेको झापा जिल्ला, धाइजन गा.वि.स., वडा नं. ६ स्थित कि.नं. ११८० र ११९०को क्षेत्रफल क्रमशः ०-३-३ र ०-०-११ (बि.क.धु)भएको जग्गा र उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

| व्यक्तिगतजमानतकर्ता | यक्तिगत जमानतकर्ता | व्यक्तिगत जमानतकर्ता |
|---|---|---|
| नाम : हस्तमाया तामाङ्ग<br>बाबु : ऐतराजतामाङ्ग<br>पति : हेम कुमार तामाङ्ग<br>ना.प्र.नं : ०३-१-०२३/९१७१३ (जारी मिति :२०६६/०४/०५, इलाम)<br>ठेगानाः-इलाम जिल्ला, कोलुबुङ्ग गा.वि.स., वडा नं. ९ स्थायी ठेगानाभई हाल झापा जिल्ला, बुद्धशान्ति गा.पा., वडा नं. ३ बस्ने । | नाम : विनोदतामाङ्ग<br>बाबु : कृष्ण बहादुर तामाङ्ग<br>बाजे : शंखमानतामाङ्ग<br>ना.प्र.नं : ६१४०९/२६१ (जारी मितिः २०५८/०५/१४, इलाम)<br>ठेगानाः- इलाम जिल्ला, कोलुबुङ्ग गा.वि.स., वडा नं. ९ स्थायी ठेगानाभई हाल झापा जिल्ला, बुद्धशान्ति गा.पा., वडा नं. ३ बस्ने । | नाम : कृष्ण बहादुरतामाङ्ग<br>बाबु : शंखमानतामाङ्ग<br>बाजे : लालविरतामाङ्ग<br>ना.प्र.नं : ०३७४३४/११४१ (जारी मिति :२०३७/१०/२२, इलाम)<br>ठेगानाः-इलाम जिल्ला, कोलुबुङ्ग गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बुद्धशान्ति गा.पा., वडा नं. ३ बस्ने । |

**कर्जा शिर्षक :- व्यवसायिकचालुपूजीकर्जा**

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु.१०००|- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धराटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# शान्तिका लागि पहल गरौं

भारतले पाकिस्तानका विभिन्न क्षेत्रमा हवाई आक्रमण गरेपछि यस क्षेत्रमा अशान्ति गहिरिन सक्ने चिन्ता बढेको छ। आक्रमणको प्रभाव दुई देशमा मात्र सीमित नहुने निश्चितप्रायः छ। वैशाख ९ गते भारत प्रशासित कश्मीरको पहलगाममा भएको आतंकवादी आक्रमणले दुई देशबीच तनाव बढाउँदै जाँदा उक्त हमलाको १५ दिनपछि भारतले सैन्य आक्रमण गरेको हो। पहलगाम आक्रमणमा एक नेपाली र


भारत र पाकिस्तानबीचको तनावको असर नेपालमा पनि पर्दै आएको इतिहास छ। देशभित्रको सुरक्षा चुनौती बढ्ने मात्र होइन, घरपरिवारमै वियोग निम्तिने गरेको छ। आठ दशकअघि विभाजन भएयता भारत र पाकिस्तानबीच चार पटक ठूला युद्ध भए, सन् १९४७, १९६५, १९७१ र १९९९ मा। ती सबै युद्धमा नेपालीको पनि ज्यान गएको छ। जस्तो– १९९९ को कारगिल युद्धमा भारतीय सेनामा कार्यरत २२ नेपालीले ज्यान गुमाएका थिए।

त्यसबाहेक दुई देशले विभिन्न नाममा एकअर्कामाथि गर्ने सानातिना हमलामा पनि नेपालीहरूले विभिन्न समयमा ज्यान गुमाउनुपरेको विगत छ। त्यस्तै, सन् २०१९ मा भारतले जम्मु–कश्मीरलाई विशेषाधिकार दिने संविधानको धारा ३७० खारेज गरेपछि भएको भिडन्तमा भारतीय सेनामा कार्यरत अर्जुन थापा मगर र गमिलकुमार श्रेष्ठको मृत्यु भएको थियो। त्यसको दुई वर्षअघि जम्मु–कश्मीरमा गिरीश गुरुङ, डम्बरबहादुर पुन र रविन शर्माको ज्यान गएको थियो। पछिल्लो पटक दुवै देशबीच शुरू भएको सैन्य आक्रमण लम्बिँदै गए जनधनको क्षतिदेखि आयात–निर्यात खलबलिएर आर्थिक दबाबको घानमा नेपाल पर्छ नै।

कारण जेसुकै भए पनि आणविक हतियार भएका देशहरूबीचको लडाइँ अन्य देशका लागि साँढेको जुधाइ, बाच्छाको मिचाइ हुने जोखिम हुन्छ। हामी त झन् सबैभन्दा नजीकका छिमेकी हौं। एकअर्कालाई हमला नै नगर्दा पनि भारत–पाकिस्तानको सम्बन्धको नकारात्मक असर अन्य देशलाई नपरेको होइन। दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को बैठकदेखि खेलकूद प्रतियोगितामा समेत दुई देशबीचको तनावको असर देखिँदै आएको छ।

अध्यक्ष राष्ट्रको हैसियतले पनि नेपालले सार्कका दुई सदस्यबीचको हमलामा मुख खोल्नै पर्ने हुन्छ। शान्तितर्फको यात्राका लागि पहलकदमी लिनै पर्छ। नेपालले तत्काल दुई वटा काम गर्न सक्छ। पहिलो, दुवै देशलाई संयम अपनाउन तथा शान्ति र स्थिरतालाई प्राथमिकतामा राख्न आग्रह गर्दै विज्ञप्ति जारी गर्न ढिला गर्नु हुँदैन। दोस्रो, दक्षिणएशियाका अन्य देशहरूसँग छलफल गरेर दुवै देशलाई थप उत्तेजित नबन्न संयुक्त रूपमा आग्रह गर्न सक्छ।

# किन चाहियो स्कुल ?



• प्रविन्न रेग्मी

विद्यालयको अस्तित्वभन्दा धेरै पहिले मानव थिए। जीवन पाठशाला र अनुभव शिक्षक थिए। आज तीव्र गतिमा बदलिँदो र अथाह जानकारीले भरिएको संसार छ। तर बृहत्तर शिक्षाको खोज चलिरहेकै छ।

हामी शिक्षालाई जीवनको पहिलो प्राथमिकतामा राख्छौं। समय र अथाह स्रोत खर्चिन्छौं। यति हुँदा पनि यसैका मूल प्रश्नहरू अनुत्तरित छन्।

के आजको शिक्षाले हाम्रो जीवनलाई वास्तविक रूपमा अर्थपूर्ण गराएको छ? हामी शिक्षाको खोजीमा यसकै वास्तविक उद्देश्य गुमाएका छौं कि? के हो त्यो उद्देश्य? हामीले परिभाषित गरेको शिक्षाको उद्देश्य वैध छ? त्यो वैधताको कसी के? समाज कि चेतना? किन चाहियो स्कुल? किन हामी आफ्ना सन्तानलाई स्कुल पठाउँछौं? केका लागि? साक्षरताका लागि मात्र वा अरू थप केही?

शिक्षा विस्तारका लागि स्कुलहरूको भूमिका महत्वपूर्ण छ र यसकै कारण सभ्यता र प्रविधि यो विन्दुसम्म आएको छ। तर किन हामी यति सभ्य हुँदा पनि स्वविनाशको सम्भावनासम्म परिकल्पना गर्छौं? प्रश्न ज्ञानको उपयोगमा होइन, यो प्रश्न जीवन महत्ताको हो।

प्रश्नहरू अनौठा लाग्न सक्छन्। जति ती सरल सुनिन्छन्, त्यति नै जटिल छन्। यिनको गहिराइ त्यहीँ छ जहाँबाट परिवर्तन सुरू हुन्छ। विद्यालयमा शिक्षा शिक्षण हुन्छ। विद्यार्थीलाई हामी साक्षर गराउँछौं। विभिन्न विषयका सूचनाहरू दिन्छौं। परीक्षा लिन्छौं। अन्वेषण गर्न सिकाउँछौं। अन्ततः उनीहरूलाई विद्यावारिधिको उपाधिसहित पगरी पनि लगाइदिन्छौं। यो सम्पूर्ण प्रक्रियामा आधा मानव जीवन सकिन्छ।

हामीले सिकाउँछौं, विद्यार्थीले सिक्छन्। मान्यता यही हो। चक्र यही हो।

जोन हल्ट भन्छन्, 'शिक्षणको प्रतिफल सिकाइ होइन। जोन डिवी औपचारिक शिक्षणलाई ज्ञानका धेरै प्रक्रियाहरूमध्ये एक मान्छन् र उनको शब्दमा जीवन शिक्षा हो, शिक्षा नै जीवन हो।

शिक्षा त्यो बाटोमा छ त?

वलिजले स्कुलिङ इन क्यापिटलिस्ट अमेरिकामा औंल्याएका छन्, सर्वसाधारण सबैलाई शिक्षा दिने स्कुलको धारणा औद्योगीकरणपछि झाँगियो। यसको उद्देश्य शिक्षालाई आवश्यकता अनुसार स्तरिकृत गर्नु, मानिसलाई अनुकूल अनुशासनमा राखेर उद्योगलाई चाहिने बौद्धिक श्रमिक उत्पादन गर्नु थियो।

योग्य श्रमिकको उत्पादन केन्द्रमा राखेर सुरू भएको शिक्षाले शिक्षाकै अर्थपूर्णता र जीवन्तताबाट अलग्यायो। शिक्षा खाँटी सत्यदेखि विषय ज्ञानतिर गयो र गहनता भन्दा कार्य प्रदर्शनतर्फ लाग्यो। यहीँ स्कुलहरूको मूलभूत लक्ष्यको विषयान्तरण भयो।

उत्तरआधुनिक कालसम्म आइपुग्दा पनि स्कुलहरूमा शिक्षा आफ्नो वास्तविक उद्देश्यबाट पलायन भएको देखिन्छ। मानौं शिक्षा अहिले पनि औद्योगिक क्रान्तिताकाको अठारौं शताब्दीको अवस्थामा छ।

यही अवस्था विश्लेषण गर्दै सर केन रबिन्सनले आफ्नो एक प्रसिद्ध टेडटकमा भनेका छन् – शिक्षालाई फ्याक्ट्री मोडलबाट मानव विकासको मोडलमा उन्नत गर्नुपर्छ। विद्यार्थी उद्योगका उत्पादन होइनन्।

शिक्षाले जीवन्त मानव विकास गर्नुपर्ने थियो, तर मान्छे यान्त्रिक बन्यो। हुनुपर्ने आत्मपूर्ति थियो, जीवन असन्तुष्ट भइदियो।

यसरी शिक्षा इतिहासको बेला जस्तै आज पनि चक्रब्यूहमा फसेको देखिन्छ। पढ, डिग्री हासिल गर, श्रम गर अनि सक्दो अर्थोपार्जन गर। यही घनचक्करमा जीवन चल्छ। जीवन बित्छ।

शिक्षाको निकास यही हो र? शिक्षाले दिने यत्ति मात्र हो?

यदि हो भनेमा, त्यो भ्रम हुन सक्छ। किनभने, यस्तो प्रकृतिको शिक्षाले तृप्त गर्दैन, मानवतालाई उन्नत गर्दैन। यस्तो शिक्षाको अर्थ के रहला?

निराशावाद होइन। परिदृश्यको लेखाजोखा मात्र हो। धेरै अनुसन्धानका उदाहरणहरू छन् – सूचना, विज्ञान, प्रविधि, भौतिक विकास, उपकरणहरू र अनेकन ज्ञानका पहुँच हामीसँग छ। तर सँगसँगै सिडिसी एक अनुसन्धान विद्यार्थीहरूमा मानसिक समस्या बढ्दो देखाउँछ। वर्ल्ड बैंकको सर्वेक्षणले विश्वव्यापी सिकाइको संकट देखाउँछ। अध्येता हेकम्यान भन्छन् – विद्यार्थीमा जिज्ञासा र लचकताको कमी हुने क्रम उकालोलाग्दो छ।

स्कुलहरू छन्, स्रोत पनि छन् तर शिक्षाको अन्तर्यमा यसको मूलतत्व लुप्त भएको भान हुन्छ। संस्कार, जीवन उपयोगी सीप र सामाजिक सम्बन्ध खस्किएको प्रतीत हुन्छ।

प्रश्न त्यहीँ आउँछ, यदि स्कुलले जीवनको अनुभव दिन सक्दैन भने किन चाहियो स्कुल?

पाउलो फ्रेरे भन्छन् – शिक्षाले स्वतन्त्र बनाउनुपर्छ, शिक्षा कोठे हुनु हुँदैन। उनकै शब्दमा, शिक्षाको बैंकिङ मोडललाई समाजले अस्वीकृत गर्नुपर्छ। ज्ञान द्विपक्षीय सहनिर्माण हो, जान्नेले नजान्नेलाई भर्ने होइन।

अर्को एउटा भ्रमको कुरा राख्छु त्यो हो – सिकाइ विद्यालय वा विश्वविद्यालयमा मात्रै हुन्छ।

कैयौं सफल मानिसहरूले विद्यालय शिक्षा नै अलपत्र छाडेका छन्। तर ती मानिसहरूसँग ज्ञान छ। भोगेर सिकेका छन्, व्यवहारले सिकाएको छ, अन्तर्ज्ञान सिकाएको छ। आज हजारौं सफल व्यवसायीहरू छन् जसको डिग्री छैन तर विद्यावारिधिवालाहरूलाई उनीहरूले रोजगारी दिन्छन्। ती व्यवसायीको ज्ञान जीवन्त छ, अरूको कोरा बौद्धिक तर्क मात्रै। ज्ञान एक धूलोको कणमा पनि ब्रह्माण्ड बराबर हुने रहेछ। ज्ञान प्राणी र वनस्पतिमा हुने रहेछ, समाजमा हुने रहेछ, सुकेको खोस्टोमा पनि हुने रहेछ, जेमा पनि हुने रहेछ।

तर स्कुलहरूले ज्ञानका पक्षलाई अनुभवात्मक प्रक्रियामा नजोड्दा र सीमित पाठ्यपुस्तक रटाउँदा यसको जीवन्तता हराउने रहेछ।

भोगाइबिनाको शिक्षा निष्प्राण हुने रहेछ। जीवन भनेको भोगाइ हो तसर्थ शिक्षा भोगाइपूर्ण हुनपर्छ। डिविको बुझाइले यसैमा गहन अर्थ राख्छ। तसर्थ यदि विद्यालयमा सिकाइ अनुभवलाई कम र बौद्धिक धारणालाई धेरै जोड दिइन्छ भने शिक्षा कोरा र अनर्थको बन्छ।

यसै प्रसंगमा एक विद्यालयको भ्रमणमा भएको घटनाको उल्लेख गर्छु।

प्रिन्सिपल भन्दै हुनुहुन्थ्यो, हामी यसरी पढाउँछौं कि हाम्रा विद्यार्थीका बोर्ड परीक्षाफल देशकै सर्वोत्कृष्ट हुन्छन्, अभिभावक सन्तुष्ट छन्।

तर मनमनै सोचें – खोइ के चाहिँ सिके त विद्यार्थीले?

के तिनले कलाको प्रशंसा गर्न सिके? संगीत र विज्ञान जोड्न सिके? साथीभाइसँग अन्तरसम्बन्ध स्थापना गर्न सिके? मानव मूल्य बुझे? आफूमा निहित सम्भावना खोज्न सिके? रूख, जंगल र हिमालयबाट प्रकृति सिके?

उनीहरूले त मात्र एक चिज सिके – रट्ने कसरी।

उनीहहरूले भोगाइबिनाको अधुरो ज्ञान सिके। यस्तै अवस्थामा, विद्यालय होस् वा विश्वविद्यालय, धेरैले उच्च श्रेणीमा डिग्री हासिल गरे, शिक्षितमा गनिए। यही किसिमका शिक्षित वर्गले समाजमा उल्लेख्य स्थान ओगटेको छ।

जिके चेस्टर्टन एक प्रसिद्ध बेलायती लेखक, दार्शनिक र पत्रकार हुन्। उनको एक भनाइको आशय छ, औपचारिक शिक्षाबिनाका मानिसहरूलाई यस्तो भ्रममा पारिन्छ कि उनीहरू अनभिज्ञ छन्, 'मूर्ख' छन्। अर्थात् स्कुल वा विश्वविद्यालयले हामीलाई वास्तवमा शिक्षित गर्दैन तर हामी शिक्षित हौं भन्ने आडम्बरको खोल ओढाउँछ र बौद्धिक अहंकारको मलजल गर्छ।

उनी थप्छन्, 'जोखिम त त्यो बेला हुन्छ जब मात्र बौद्धिक खुराकको आधारमा स्नातकहरूले आफूलाई अन्यभन्दा विद्वान र नैतिक सम्झिन्छन्।'

गहिरिएर सोच्दा यहाँ एक वस्तुगत प्रश्न बन्छ – स्कुलले हामीलाई के दियो?

डिग्री

तार्किक क्षमता

सामाजिक आडम्बर

सबै।

यदि उत्तर 'सबै हो भने' हामी यही प्रश्न सोध्दैछौं – स्कुल किन चाहियो?

स्कुल नचाहिने हुँदै होइन। तर जुन स्कुलले वास्तविक रूपमा जीवनमर्म र जीवनपर्यन्त सिकाइलाई समृद्ध गर्न सक्दैन, त्यसको महत्त्व अति कम हुन्छ। साक्षरतामा मात्र सीमित स्कुलले विद्यार्थीलाई चाहिएको परिवर्तन दिन सक्दैन।

विद्यालयमा हासिल गरेका विषयका ज्ञान त हामीले एक दिन सबै भुल्छौं, वास्तविक जीवनमा तिनको खास प्रयोजन पनि नहुन सक्छ। र, ती शिक्षक पनि सायद सम्झनामा नहोलान्। तर जे भोगियो, अनुभवमा आयो, त्यसैले हामीलाई जीवनपर्यन्त दिशानिर्देश गर्छ।

यसै सन्दर्भमा अर्को एक प्रमुख शैक्षिक जगतको उदाहरण राख्छु।

क्याम्ब्रिज र अक्सफोर्ड लक्षित ग्रामर र क्याम्ब्रिज आधारित स्कुलहरू बेलायती शिक्षाका आधारशिला हुन् जसले कठिन बौद्धिक श्रममा विश्वास गर्छन्। आलोचनात्मक क्षमताका आधारमा कठिन परीक्षा उत्तीर्ण गर्नुपर्ने तिनका अहिलेका पनि परिचय हुन्। मध्ययुगीन सोचमा आधारित र समाजका विशिष्ट वर्गका लागि लक्षित यो पद्धतिले हाल प्रगतिशील विचारसँग मिलेर शैक्षिक लक्ष्य परिमार्जन गर्न प्रयास गरेको छ। तर पनि यी प्रणालीले अहिले पनि अनुभवलाई कम र विद्यार्थीका शैक्षिक पाण्डित्यको प्रस्फुटनलाई महत्त्व दिएको देखिन्छ।

प्रश्न यहाँ पनि उठ्छ, के एक गनिएको पद्धतिले पनि शिक्षालाई अर्थपूर्ण बनाएको छ र?

शिक्षालाई अर्थपूर्ण बनाउने दुई धारणा छन्ः डि-स्कुलिङ र अन-स्कुलिङ।

यी दुई शब्द उस्तै लागे पनि अर्थ फरक छ। डि-स्कुलिङले विद्यार्थीमा स्कुलद्वारा खाँदिएका जड सोचलाई मेटाउने जनाउँछ। अन-स्कुलिङले सिकाइ स्वयं विद्यार्थीको निर्देशनमा हुनुपर्छ भन्ने छ।

थोरै गहिराइमा जाऔं।

डि-स्कुलिङ भन्नाले स्कुलमा सिकेका पूर्वाग्रह, स्वभाव, विश्वास आदिले हामीलाई बाँधेको सीमितताबाट मुक्ति मिल्ने हो। उदाहरणका लागि, वर्षौंसम्म गमलामा रोपिएको रूख जमिनमा सार्नु हो। विचारको स्वतन्त्रता फैलाउनु हो। औपचारिक शिक्षा पछिको यो एक परिवर्तनकाल हो, जसले शिक्षालाई अर्थपूर्ण बनाउँछ।

अन-स्कुलिङ स्वज्ञानको पहिचान र यसैबाट सिर्जित स्वनिर्देशन हो। उदाहरणका लागि, जंगलमा यसरी नै हिँड्नुपर्छ भनेर स्कुलले चरणहरू सिकायो तर अन-स्कुलिङले त्यो बाहेक अन्य अनगिन्ती बाटाहरू छन् र आफ्नो बाटो मौलिक ढंगबाट खोजेर, विवेकशील स्वनिर्णय गरेर पथमार्गमा जानतर्फ निर्देशन गर्छ।

यी दुवै अवधारणा बुझ्न आवश्यक छ। यदि यसो गरिएमा विद्यालयले मानव आवश्यकतालाई प्रतिनिधित्व गर्ने छ, ती हामीलाई चाहिएका स्कुल बन्नेछन्।

यही नै शिक्षाको पथ हो – स्कुलमा पढेको सबै बिर्सिने, छाड्ने र जीवन यथार्थको अनुभूति गर्ने।

दार्शनिक लावोजी ताव ते चिङमा भन्छन्, 'शिक्षा खोज्दा हरेक दिन ज्ञान थपिन्छ, सत्य खोज्दा हरेक दिन ज्ञान छाडिन्छ।'

अनुभव हुन् विद्यालयले दिनुपर्ने, बाँकी सबै विषय-ज्ञान अध्यापन समय पछिको अन्तरालमा गौण हुन्छन्। जीवन पास भए कलेज फेलले फरक पार्दैन। किनभने अन्ततः जीवन पास हुनकै लागि कलेज चाहिने हो। अन्यथा किन चाहियो?

# लोकतन्त्रपछि भौतिक पूर्वाधारमा फड्को



• भउचप्रसाद यादव

अहिले राष्ट्रिय सडक सञ्जालले ७७ वटै जिल्लाका सदरमुकाम जोडिएका छन् भने कालोपत्रे सडकले ७२ वटा जिल्लाका सदरमुकाम जोडिएका छन् । २०४६ सालसम्म (पञ्चायतकाल) मा १५ वटामा सीमित रहेकोमा अहिले राष्ट्रिय राजमार्गमा ८० वटा सडक सूचीकृत भएका छन् । राष्ट्रिय राजमार्गको पहिचान भएको लम्बाइ १४ हजार ९१३ किलोमिटर पुगेको छ ।

मुलुकमा प्रजातन्त्र र गणतन्त्र स्थापनापछि भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा ठुलो प्रगाति भएको छ । सडक सञ्जाल विस्तार, पुल तथा सुरुङमार्ग निर्माणलगायत पूर्वाधारको क्षेत्रमा मुलुकले ठुलो फड्को मारेको छ । अहिले ३२ मुलुक जोड्ने एसियाली राजमार्गका साथै पूर्वपश्चिम र उत्तर दक्षिणका रणनीतिक सडक निर्माणले सम्पूर्ण मुलुक जोडिँदै छ ।

'अर्थतन्त्रको आधार : सबल र उत्थानशील पूर्वाधार' भन्ने मूल नीति लागु गर्दै अहिले मुलुकमा सडक पूर्वाधारको क्षेत्रमा उल्लेख्य काम भइरहेका छन् । रणनीतिक रूपमा पूर्वपश्चिम र उत्तर दक्षिणलाई जोड्ने राजमार्गका साथै अन्तर्राष्ट्रिय पहुँचका एसियाली राजमार्ग निर्माण भइरहेको छ । बुटवलदेखि काँकडभिट्टा, सिद्धबाबा सुरुङदेखि कालीगण्डकी कोरिडोरसम्म अहिले निर्माणका काम भइरहेका छन् ।

अहिले मुलुकभित्र रहेका सबै प्रकारका सडकको कुल लम्बाइ ८५ हजार ३५२ किलोमिटर पुगेको छ । मुलुकमा रहेका कुल सडकमध्ये स्थानीय सडकको लम्बाइ ६७ हजार २४६ किलोमिटर छ । यसमध्ये कालोपत्रे चार हजार ८०९ किलोमिटर, कच्ची (माटे) सडक ४८ हजार २२३ किलोमिटर र ग्राभेल १४ हजार २१४ किलोमिटर रहेका छन् ।

विसं २०४७ मा लोकतन्त्र पुनर्स्थापना भएपश्चात् सडक निर्माणले गति लिएकोमा २०५८ बाट २०६२ सालसम्म सङ्कटकालीन अवस्थामा केही सुस्त रह्यो । अहिले मुलुकभरि सबै प्रकारका सडकको कुल लम्बाइले छ अङ्कको आँकडा पार गरेको छ । १६ औं आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) अनुसार मुलुकभरि कुल एक लाख किलोमिटरभन्दा बढी सडक निर्माण हुने देखिन्छ ।

अहिले राष्ट्रिय सडक सञ्जालले ७७ वटै जिल्लाका सदरमुकाम जोडिएका छन् भने कालोपत्रे सडकले ७२ वटा जिल्लाका सदरमुकाम जोडिएका छन् । २०४६ सालसम्म (पञ्चायतकाल) मा १५ वटामा सीमित रहेकोमा अहिले राष्ट्रिय राजमार्गमा ८० वटा सडक सूचीकृत भएका छन् । राष्ट्रिय राजमार्गको पहिचान भएको लम्बाइ १४ हजार ९१३ किलोमिटर पुगेको छ । यसमध्ये करिब तीन हजार किलोमिटर निर्माण हुन बाँकी छ । कालोपत्रे भएको राष्ट्रिय राजमार्गको लम्बाइ सात हजार आठ सय किलोमिटर र चार लेन वा सोभन्दा बढी लेनका कालोपत्रे सडकको लम्बाइ करिब चार सय किलोमिटर पुगेको छ ।

मुलुकमा गणतन्त्र स्थापनापछि सडक सञ्जालको विकास अझ बढी तीव्र गतिमा भएको देखिन्छ । २०६४ सालसम्म मुलुकभरि कुल पाँच हजार ४०२ किलोमिटर मात्र कालोपत्रे, खण्डाश्मित (ग्राभेल) सडक चार हजार ५२९ किलोमिटर र कच्ची (माटे) सडक सात हजार ८५१ किलोमिटर रहेको थियो भने अहिले मुलुकभरि १४ हजार २७८ किलोमिटर कालोपत्रे, १५ हजार ६३७ किलोमिटर ग्राभेल र ५१ हजार ९१९ कच्ची (माटे) सडक छन् । अहिले ५३० किलोमिटर निर्माणाधीन र दुई हजार ९८८ किलोमिटर सडक विभिन्न योजनामा रहेका छन् ।

विगत आठ वर्षको सडकसँग सम्बन्धित तथ्याङ्क केलाउने हो भने हरेक आवमा सडक निर्माण बढ्दै गएको छ । आव २०७४/७५ मा कुल ३० हजार ८८ किलोमिटर सडक निर्माण भएको थियो । यसमध्ये कालोपत्रे १३ हजार ७०७ किलोमिटर, ग्राभेल सात हजार २३१ किलोमिटर र कच्ची सडक नौ हजार १५० किलोमिटर निर्माण भएको थियो । त्यसैगरी आव २०७५/७६ मा कुल ३२ हजार ८७९ किलोमिटर सडक निर्माण भएकोमा कालोपत्रे १४ हजार ६९५ किलोमिटर, ग्राभेल आठ हजार ५९४ किलोमिटर र कच्ची सडक नौ हजार ५९० किलोमिटर निर्माण भएको सडक विभागले जनाएको छ ।

आव २०७६/७७ मा जम्मा ३३ हजार २४४ किलोमिटर सडक निर्माण भएको थियो । यसमध्ये कालोपत्रे १५ हजार ४२४ किलोमिटर, ग्राभेल आठ हजार ६२२ र कच्ची सडक नौ हजार १९८ किलोमिटर निर्माण भएको थियो । त्यसैगरी आव २०७७/७८ मा कुल ३३ हजार ७१६ किलोमिटर सडक निर्माण भएको थियो । यसमध्ये १६ हजार ६१४ किलोमिटर कालोपत्रे, आठ हजार १७१ किलोमिटर ग्राभेल र आठ हजार ९३१ किलोमिटर कच्ची सडक निर्माण गरिएको थियो । सडक विभागका अनुसार आव २०७८/७९ मा जम्मा ३३ हजार ९९६ किलोमिटर सडक निर्माण भएकोमा कालोपत्रे १७ हजार २३२ किलोमिटर, ग्राभेल सात हजार ८८८ किलोमिटर र कच्ची सडक आठ हजार ८७६ किलोमिटर निर्माण भयो । आव २०७९/८० मा कुल ३४ हजार २३९ किलोमिटर सडक निर्माण भएकोमध्ये १८ हजार ५२ किलोमिटर कालोपत्रे, सात हजार ६९६ ग्राभेल र आठ हजार ४९१ किलोमिटर कच्ची सडक निर्माण सम्पन्न भएको थियो ।

त्यसैगरी आव २०८०/८१ मा कुल ३५ हजार ४९० किलोमिटर सडक निर्माण गरिएकोमा कालोपत्रे १८ हजार ८०८ किलोमिटर, ग्राभेल आठ हजार २४ किलोमिटर र कच्ची सडक आठ हजार ६५८ किलोमिटर निर्माण गरिएको थियो । आव २०८१/८२ मा जम्मा ३६ हजार १३२ किलोमिटर सडक निर्माण भएकोमा कालोपत्रे १९ हजार १६३ किलोमिटर, ग्राभेल आठ हजार २०४ र कच्ची सडक आठ हजार ७६५ किलोमिटर गरिएको सडक विभागको तथ्याङ्कमा उल्लेख छ । राणा शासनको अन्त्यसम्म नेपालमा करिब ३७६ किलोमिटर (पाँच किलोमिटर कालोपत्रे, ८३ किलोमिटर खण्डाश्मित (ग्राभेल) र २८८ किलोमिटर माटे) सडक निर्माण भएको विवरण भेटिएका छन् ।

सडक विभागका पूर्वमहानिर्देशक अर्जुनजङ्ग थापाका अनुसार पञ्चायतकालमा राष्ट्रिय राजमार्गमा मात्र १५ वटा सडक सूचीकृत भएको थियो । त्यसैगरी ५१ वटा सहायक राजमार्ग थियो । नयाँ संविधानले राजमार्ग हुन सक्ने सडकलाई समावेश गरी ८० वटा राजमार्ग बनाएको हो । अहिले सहायक राजमार्ग छैनन् ।

❖ बाँकी तेस्रो पृष्ठमा

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# दुईवटा औषधि पसललाई जरिवाना, चारवटालाई सचेत



धुलाबारी(प्रस) । मेचीनगरमा औषधि पसलको अनुगमन गर्दा दुई वटालाई जरिवाना र चार वटालाई सात दिनभित्र कार्यालयमा आउन निर्देशन दिइएको छ ।

बुधवार दिउँसो मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाको सहकार्यमा स्वास्थ्य कार्यालय झापा, जिल्ला आयुवेर्दिक स्वास्थ्य केन्द्र, प्रादेशिक अस्पताल भद्रपुर, जिल्ला प्रशासन कार्यालय झापाको संयुक्त अनुगमन टोलीले विभिन्न प्रकारका ६ वटा औषधि पसललाई जरिवानासहित सचेत गराएको हो ।

अनुगमनका क्रममा मेचीनगर-७, ईटाभट्टास्थित राधास्वामी स्वास्थ्य उपचार क्लिनिक र मेचीनगर-६, काँकरभिट्टास्थित एपोलो डेन्टल (पाथिभरा डेन्टल केयर एण्ड इम्प्लान्ट सेन्टर) क्लिनिकका सञ्चालकलाई २०७७ को दफा ३३ (ख) बमोजिम जनही ३० हजार जरिवाना गरिएको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन विश्वनाथ श्रेष्ठले जानकारी दिए ।

दुईवटै क्लिनिकले इजाजत नलिई गैर कानूनी रुपमा स्वास्थ्य सेवा प्रदान गरिरहेकोले दोस्रो चरणमा कारवाहीस्वरुप जरिवाना गरिएको उनले बताए ।

उनका अनुसार एपोलोलाई २०७९ फागुन ७ गते र राधास्वामीलाई २०८० चैत ६ गते अनुगमनका क्रममा सचेत गराइएकोले हालसम्म पनि सम्बन्धित निकायबाट इजाजत नलिइएको पाइएकोले तीन दिनभित्र जरिवानासहित कार्यालय आउन निर्देशन दिइएको छ ।

यस्तै मेचीनगर-१० को शिखर हस्पिटल प्रालिले इजाजत पत्र नवीकरण नगरेको, न्यु मिलन क्लिनिक हल प्याथोलोजी ल्यावको इजाजत पत्र नभएको, मेचीनगर-९ को हरि हलेसी मेडिकल हलको इजाजत पत्र नवीकरण नभएको र रुपा मेडिकलको इजाजत पत्र नवीकरण नभएकोले सञ्चालकहरुलाई दोस्रो संशोधन निर्देशिका २०७३ को दफा ८ को उपदफा (२)/दफा ९/दफा १२ को उपदफा (१) र (२)/दफा १३ को उपदफा ४ बमोजिम स्थलगत अनुगमन गर्दा मापदण्ड पूरा नभएको पाइएकोले ७ दिनभित्र मापदण्ड पूरा गरेको कवुलियतनामा निवेदनसहित मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखामा उपस्थित हुन निर्देशन दिइएको उनले जानकारी दिए ।

फोकल पर्सन श्रेष्ठले पहिलो चरणमा सचेत, दोस्रो पटक जरिवाना र तेस्रो पटकमा पनि जरिवाना नतीरी अटेर गरे संस्था बन्द गरिने कानूनी प्रवाधान रहेको बताए ।

अनुगमन टोलीमा स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाह्रकोटी, फोकल पर्सन श्रेष्ठ, जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रका डाक्टर विजय श्रेष्ठ, प्रादेशिक अस्पताल भद्रपुरका डाक्टर मनोजकुमार साह, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि रविनकुमार राजबंशी, नगरपालिकाकी स्वास्थ्य शाखा प्रमुख सविता सापकोटा, कर्मचारी रामप्रसाद अधिकारी लगायत रहेका थिए ।

स्वास्थ्य शाखा प्रमुख सापकोटाले डी र ई वर्गका ल्याव, क्लिनिक, फामेर्सी र १५ वेडका आधारभूत अस्पतालहरुले नगरपालिकामा दर्ता र नवीकरण गर्नु पर्ने बताइन् ।

उनका अनुसार पोलिक्लिनिक, डाईगोनोस्टिक, डेन्टल क्लिनिक, विशेषज्ञसहितको सेवाहरुको दर्ता र नवीकरण स्वास्थ्य कार्यालय झापामा सिफारिस गरिने नियम छ ।

# बिजुलीको पोलमा चढेर चोरी गर्न खोज्दा घाइते

झापा(प्रस)।झापाको बिर्तामोडमा बिजुलीको पोलमा चढेर चोरी गर्न खोज्दा झड्का लागेर एक व्यक्ति गंभीर घाइते भएका छन् । बुधवार बिहानको राति अन्दाजी १:३० बजे बिर्तामोड नगरपालिका वडा न.२ स्थित राम चौकमा ट्रान्समिटरसहितको बिजुलीको पोलमुनि भुइँमा तत्काल नाम ,थर र वतन नखुलेका अन्दाजी २५ वर्षका पुरुष घाइते अवस्थामा फेला परेका थिए । उनलाई इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको गस्ती टोलीले उपचारका लागि बिर्तामोडस्थित बिएण्डसी अस्पताल बिर्तामोडमा भर्ना



गरेको थियो । त्यहाँबाट प्रादेशिक अस्पताल भद्रपुर लगिएको छ । उनको निधार र आँखाको डिलमा चोट लागेको छ भने शरीरको अन्य बिभिन्न भागमा जलेको छ । उनको अवस्था गम्भीर रहेको जनाइएको छ । उनको साथमा तार काट्ने ह्याक्सो ब्लेड, रेन्चहरु, प्लाष्टिकको बोरा र डोरी फेला परेको प्रहरीले जनाएको छ । घाइतेलाई थप उपचारको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी जवान खगेन्द्र लिम्बूको जिम्मा लगाई प्रादेशिक अस्पताल लगेको प्रहरीले जनाएको छ । उनले आफू रंजित राजवंशी नाम ,थर र झापा बिर्तामोड नगरपालिका वडा न.२ चैतुवारी घर भएको बताएका छन् । उनको साथमा फेला परेको सामानहरु इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याई राखिएको छ ।

# विद्युत् प्राधिकरणको घाटाबारे ऊर्जामन्त्रीसँग जवाफ माग



झापा(प्रस) ।राष्ट्रिय स्वतन्त्र पार्टीकी सचेतक निशा डाँगीले नेपाल विद्युत् प्राधिकरणको घाटाबारे ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्कासँग जवाफ मागेकी छन् ।

बुधबार प्रतिनिधि सभाको शून्य समयमा बोल्दै सचेतक डाँगीले केही महिना अगाडिसम्म ४६ अर्ब ४७ करोड नाफामा भएको विद्युत् प्राधिकरण एक महिनाभित्र ५ अर्ब २६ करोड घाटामा कसरी पुग्यो भन्दै प्रश्न गरिन् ।

डाँगीले कसरी घटामा पुग्यो भन्नेबारे मन्त्री खड्काले सदनमा आएर स्पष्टीकरण दिन माग गरिन् ।

# अब साङ्केन क्रिएसन बिर्तामोडमा

झापा(प्रस) । काठमाडौपछि झापाको बिर्तामोडमा पनि साङ्केन क्रिएसन सञ्चालनमा आएको छ । किराती पहिचान झल्कने सम्पूर्ण भेषभूषा, गरगहना, बाजागाजा तथा खाद्यान्न सामग्री पाइने साङ्केन क्रिएसन सञ्चालनमा आएको हो ।

उक्त पसलको बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष राजु न्यौपानले बुधवार उद्घाटन गरेका छन् । काठमाडौंमा १० वर्ष अघिदेखि सञ्चालनमा रहेको किराती पहिचान झल्कने साङ्केन क्रिएसनले बिर्तामोडमा शाखा स्थापना गरेको




सञ्चालक गौरीमान राईले जानकारी दिए ।

सञ्चालक राईका पिता शेरबहादुर राईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि समेत रहेका संघका अध्यक्ष राजु न्यौपाने, किरात राई यायोख्या झापाका अध्यक्ष गणेश राईले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा बिर्तामोड उद्योग बाणिज्य संघका उपाध्यक्ष जीवन खड्का, किरात याक्थुङ चुम्लुङ झापाकी सचिव भीममाया कन्दङ्वा, धार्मिक अभियन्ता सरिता लिङ्देन, सञ्चालक राईकी माता पवित्रा राईलगायतको आतिथ्य रहेको थियो ।

क्रिएसनमा किरातीहरुको धर्म र संस्कृतिसँग सम्बन्धित सम्पूर्ण सामग्री उपलब्ध रहेको सञ्चालक राईले बताए । उनले क्रिएसनबाट होम डेलिभरी र अनलाइन अर्डरको सुबिधा पनि रहेको जानकारी दिए ।

### पाकिस्तानमाथि ...

यता पाकिस्तानी सेनाका प्रवक्ता लेफ्टिनेन्ट जनरल अहमद शरीफ चौधरीले बीबीसीसँग कुरा गर्दै भारतीय आक्रमणमा दुई बच्चासहित सात जनाको मृत्यु भएको बताएका छन् ।

चौधरीका अनुसार आक्रमणमा एक मस्जिदसहित कैयौं स्थानलाई निशाना बनाइएको छ । भारतको आक्रमणलाई लिएर पाकिस्तानी प्रधानमन्त्री शहबाज शरीफले प्रतिक्रिया दिएका छन् । उनले पाकिस्तानलाई यस आक्रमणको जवाफ दिने पूरा अधिकार भएको बताएका छन् ।

जैस-ए-मोहम्मदका कमाण्डरको परिवारका १० जना मारिए

भारतले पाकिस्तानमाथि गरेको सैन्य आक्रमणमा उग्रवादी समूह जैस-ए-मोहम्मदका संस्थापक तथा कमाण्डर मसूद अजहरको परिवारका १० सदस्यसहित १४ जना मारिएका छन् ।

पाकिस्तानको बहावलपुरमा रहेको सुभान अल्लाह मस्जिदमा भारतले गरेको आक्रमणमा उनीहरूको ज्यान गएको हो ।

जैस-ए-मोहम्मदको तर्फबाट बुधबार जारी विज्ञप्तीमा अजहरकी दिदी र भिनाजु, उनका भतिजा र उनकी श्रीमती, एक भतिजी र उनको परिवारका पाँच बच्चाहरूको ज्यान गएको जनाइएको छ । आक्रमणमा उनीहरूका तीन सहयोगी र एक सहयोगीकी आमाको पनि ज्यान गएको संगठनले जनाएको छ ।

जैस-ए-मोहम्मदले फेब्रुअरी २०१९ मा भारत प्रशासित कश्मीरमा गरेको आत्मघाती बम विष्फोटमा ४० सैनिकको ज्यान गएको थियो ।

## लोकतन्त्रपछि...

मुलुकमा लोकतन्त्र र गणतन्त्र स्थापनासँगै पूर्वपश्चिम भूभागका साथै उत्तर दक्षिण भूभागलाई समेत जोड्नका लागि विभिन्न राजमार्ग र कोरिडोर निर्माण सुरु गरिएका छन् । मेची कोरिडोर, कोशी कोरिडोर, गल्छी-स्याफ्रुबेँसी-रसुवागढी सडक, कालीगण्डकी कोरिडोर, कर्णाली कोरिडोर, भेरी कोरिडोर र महाकाली कोरिडोर रहेका छन् ।

मुलुक संघीयतामा प्रवेश गरेपछि अहिले सडक विभागको कार्यक्षेत्र पनि परिवर्तन भएको छ । नेपालको संविधानको अनुसूची ५ को बुँदा नम्बर २० मा 'राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन' गर्ने कार्य संघको एकल अधिकार सूचीमा रहेको छ । साथै मन्त्रीपरिषद्को २०७६ जेठ ६ गतेको निर्णय अनुसार राष्ट्रिय लोकमार्गको सूची अद्यावधिक गरी संघको कार्यसूचीमा सूचीकृत गरिएको हुँदा सडक विभागको मुख्य कार्यभार यिनै स्वीकृत भएका ८० वटा राजमार्ग (१४ हजार ९१३ किलोमिटर) मा सीमित भएको हो ।

**पन्ध्र सय पुल निर्माण**

अहिलेसम्म सानाठुला गरी निर्माण सम्पन्न पुलको संख्या तीन हजार तीन सय पुगेको छ । यसमध्ये एक हजार पाँच सयभन्दा बढी पुल मुलुकमा लोकतन्त्र आएपछि निर्माण भएका हुन् ।

सडक विभागका पूर्वमहानिर्देशक अर्जुनजङ्ग थापा पञ्चायतकालमा राज्यसँग आफैँले पुल निर्माण गर्ने आर्थिक र प्राविधिक क्षमता नरहेको बताउनुहुन्छ । ठुला पुल निर्माण गर्न विदेशीमाथि भर पर्नुपर्ने अवस्था थियो । मुलुकमा लोकतन्त्र र गणतन्त्र आएपछि ठुला पुल बनाउने क्षमता विकास भएको उहाँ बताउनुहुन्छ । पञ्चायतकालमा पूर्वपश्चिम राजमार्गमा कर्णालीपश्चिमका २२ वटा पुलको निर्माण बाँकी नै थियो । मुलुकमा लोकतन्त्र आएपछि भारत सरकारको सहयोगमा ती पुल निर्माण भएका हुन् ।

मुलुकमा लोकतन्त्र तथा गणतन्त्र आएपछि नेपाली इन्जिनियरद्वारा डिजाइन गरिएको दुधकोशी नदीमा १२० मिटर लामो 'सस्पेन्सन ब्रिज', मुग्लिङस्थित चितवन र तनहुँ जोड्ने त्रिशूली नदीमा एउटै स्पान भएको १२० मिटर लामो मुलुककै पहिलो 'आर्क' पुल निर्माण, दाङको राप्ती नदीमा ८६५.४२ मिटरको नेपालको दोस्रो सबभन्दा लामो पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् ।

**'सिग्नेचर ब्रिज' का लागि दस स्थान पहिचान**

पुल महाशाखाका अनुसार 'सिग्नेचर ब्रिज' निर्माणका लागि मुलुकभरि १० वटा उपयुक्त स्थान पहिचान गरिएको छ । यसमध्ये नारायणी नदी (चितवन) मा सिग्नेचर पुल निर्माण सुरु भइसकेको छ । त्यसैगरी विजयपुरखोला (कास्की), रतुवाखोला (दमक), गछियाखोला (मोरङ), तमोर नदी (धनकुटा), बागमती नदी (काठमाडौँ र रौतहट), तिनाउ नदी (बुटवल), रोहिणी नदी (भैरहवा), बकैया (मकवानपुर) स्थान पहिचान गरिएको पुल महाशाखाका प्रमुख ललिजन खनालले जानकारी दिनुभयो ।

**पञ्चायतकालमा सुरुङमार्ग र फ्लाइओभर शून्य**

पञ्चायतकालमा सडक सुरुङमार्ग शून्य रहेकामा अहिले मुलुक सुरुङमार्ग युगमा प्रवेश गर्न लागेको छ । यो वर्ष नै मुलुकले यातायातको क्षेत्रमा सुरुङमार्ग र फ्लाइओभर सुरु गर्दैछ । सडक सुरुङमार्गका रूपमा नागढुङ्गा-सिस्नेखोला सुरुङमार्ग, सिद्धबाबा सुरुङमार्ग, काठमाडौँ-तराई/मधेश द्रुतमार्ग सुरुङ छिचोलिएर 'इनलाइन' का काम भइरहेका छन् । यो वर्ष मुलुकका लागि सुरुङ यातायात र फ्लाइओभर प्रयोगका हिसाबले नयाँ प्रस्थानविन्दु बन्ने छ ।

२.६८८ किलोमिटर लम्बाइ रहेको नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गको ९० प्रतिशत काम सम्पन्न भई अहिले सुरुङभित्र 'लाइटिङ', 'भेन्टिलेसन', कङ्क्रिट सडक निर्माणलगायतका काम भइरहेको छ । यस वर्षको तिहारसम्म सञ्चालनमा ल्याउने गरी तीव्र गतिमा यसको काम भइरहेको छ । त्यसै गरी छिचोलिसकिएको सिद्धबाबा सुरुङमार्ग २०८३ बाट मात्रै सञ्चालनमा आउने लक्ष्य लिइएको छ । यसैगरी यो वर्षबाट मुलुकको पूर्वाधार इतिहासमा पहिलो पटक ओभरपासबाट गाडी हुइँकिने छन् । ललितपुरको ग्वार्कोमा निर्माणाधीन 'ओभरपास' अन्तिम चरणमा छ ।

मुलुकको सडक यातायातलाई सहज र सुलभ बनाउने उद्देश्यसहित वर्तमान सरकारले सुरुङमार्ग निर्माणलाई प्राथमिकतामा राखी यससम्बन्धी कार्यलाई तीव्रता दिइएको छ । त्यसैगरी थानकोट-चित्लाङ, टोखा-छहरे, बिपीनगर-खुटिया-दिपायल, सिन्धुलीको खुर्कोट-चियाबारी, ललितपुरको गोदावरीकुण्ड-मानेचौर खण्डमा सुरुङमार्ग निर्माणका लागि सम्भाव्यता अध्ययन जारी रहेको सडक विभागले जनाएको छ । नवलपरासीको दाउन्ने, सिन्धुलीको खुर्कोट, दोलखाको लामाबगर, कास्कीको हेम्जा, मकवानपुरको भीमफेदी-कुलेखानी, सूर्यविनायक-धुलिखेल सडकखण्डमा सुरुङमार्ग निर्माणका लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भइसकेको छ । पाल्पाको सिद्धबाबामा निर्माण गरिने सुरुङमार्ग निर्माणका लागि यसअघि नै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ ।

**गणतन्त्रको सोह्र वर्षमा निर्माण भएका केही मुख्य पूर्वाधार**

गणतन्त्र स्थापना भएको डेढ दशकमा मुलुकमा पूर्वाधारको क्षेत्रमा उल्लेखनीय काम भएका छन् । यस अवधिमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिएको छ । बेलहिया-बुटवल छ लेन सडक, पथलैया-वीरगन्ज छ लेन सडक, इटहरी-विराटनगर छ लेन सडक र अत्तरिया-धनगढी छ लेन नमुना सडक निर्माण गरिएको छ । बागलुङमा सिङ्गल स्पानमा मुलुककै सबभन्दा लामो झोलुङ्गे पुल निर्माण गरिएको छ । यस पुलको लम्बाइ ५६७ मिटर छ । त्यसैगरी धनुषाको जनकनन्दनी गाउँपालिकाको कठाल र सिराहाको मलहनिया जोड्न १५००.४४ मिटर लम्बाइको मुलुकको सबभन्दा लामो झोलुङ्गे पुल निर्माण गरिएको छ ।

कैलालीको गेटामा गेटा मेडिकल कलेज स्थापना, जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना र डोल्पामा जिल्ला अस्पताल निर्माण गरिएका छन् । यी स्वास्थ्य संस्थाको स्थापनाका साथै पूर्वाधार निर्माण गरिएको छ । त्यसैगरी नेपालगन्ज नाकामा एकीकृत भन्सार जाँचचौकी (आइसिपी) निर्माण, सिन्धुपाल्चोकमा लार्चा भन्सार, रसुवामा टिमुरे भन्सार, लुम्बिनीमा अन्तरर्ाष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्र निर्माण गरिएका छन् ।

यसै अवधिमा ललितपुरको गोदावरीमा तीन हजारभन्दा बढी क्षमताको सनराइज सम्मेलन केन्द्र, झापाको दमकमा व्यावसायिक 'भ्यु टावर' निर्माण, काठमाडौँमा धरहरा निर्माण, चोभार सुक्खा बन्दरगाह, वीरगन्जको सिर्सिया सुक्खा बन्दरगाहका साथै काठमाडौँको बबरमहलमा मुलुककै पूर्वाधार निर्माणको इतिहासमा पहिलो पटक 'नेटवर्क आर्क ब्रिज' निर्माण गरिएको छ । काठमाडौँको चक्रपथ विस्तार यसै अवधिमा गरिएको हो ।

कञ्चनपुरको भीमदत्त नगरपालिकास्थित महाकाली नदीमा चार लेनको पुल र सुर्खेतको चौकुने गाउँपालिका घाटगाउँको चिप्लेघाटस्थित भेरी नदीमा ५५० मिटर लामो पुल निर्माण गरिएको छ । यस पुलको निर्माणसँगै दोधारा चाँदनीवासीलाई भारतको बाटो भएर महेन्द्रनगर पुग्नुपर्ने अवस्था अन्त्य भएको छ । बाँकेको राप्तीसोनारी गाउँपालिकास्थित राप्ती नदीको मधुवाघाटमा पुल निर्माण गरिएको छ । त्यसै गरी दार्चुलाको महाकाली नगरपालिकास्थित असिगडा र भारतको उत्तराखण्डको छारछुम जोड्न महाकाली नदीमा मोटरेबल पुल निर्माण भइरहेका छन् ।

यस अवधिमा सुर्खेतकै भेरीगङ्गा नगरपालिकामा भेरी-बबई बहुउद्देश्यीय आयोजना निर्माण भइरहेको छ । यस आयोजनाको भौतिक प्रगति ६५ प्रतिशत पुगेको छ । दार्चुलाको शैल्यशिखर नगरपालिकामा अवस्थित चमेलिया जलविद्युत् आयोजनाको नहर, महाकाली सिँचाइ आयोजना अन्तर्गत कञ्चनपुरको वेदकोट नगरपालिकामा नहर र निर्माणाधीन राष्ट्रिय गौरवको आयोजना रानीजमरा कुलरिया सिँचाइ आयोजनाको नहर निर्माण गरिएका छन् । त्यसै गरी बाँकेको राप्तीसोनारी गाउँपाालिकामा नहर निर्माण गरिएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । आर्थिक कारोबारमा मन्दी

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** घर व्यवहारमा झमेला रहला । साँझमा मन प्रसन्न रहला ।